


वर्ष ४८ | अङ्क ११ | साउन २०८१ | जुलाई-अगष्ट २०२४

# केन्द्रीय कार्यालयको पुनर्निर्मित भवन बैंकलाई हस्तान्तरण



सहरी विकास तथा भवन निर्माण विभागले नेपाल राष्ट्र बैंकको बालुवाटारस्थित केन्द्रीय कार्यालयको पुनर्निर्मित भवन बैंकलाई हस्तान्तरण गरेको छ ।

गभर्नर महाप्रसाद अधिकारी र सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालको उपस्थितिमा असार २८ गते आयोजित एक समारोहमा विभागले भवनसहितको संरचना बैंकलाई हस्तान्तरण गरेको हो । विभागअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (भवन तथा आवास)का निर्देशक कोषनाथ अधिकारीले सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका निर्देशक केशवबहादुर केसीलाई भवनसहितको संरचना हस्तान्तरण गर्नुभयो । सोही अवसरमा निर्देशक अधिकारीले मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्याललाई नवनिर्मित भवनमा रहेका ढुकुटीको साँचो हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा गभर्नर अधिकारीले नयाँ भवनको उपयोगपछि बैंकको कार्यवातावरण थप अनुकूल बन्ने उल्लेख गर्दै त्यसबाट कर्मचारीको कार्यसम्पादन स्तरमा समेत सुधार आउने विश्वास व्यक्त गर्नुभयो । बैंकको नयाँ भवन निर्माणमा संलग्न सहरी विकास मन्त्रालय, सहरी विकास विभाग, निर्माण व्यवसायी, परामर्शदाता र बैंकका सम्बद्ध कर्मचारीलाई उहाँले धन्यवादसमेत दिनुभयो ।

सो अवसरमा मन्त्रालयका सचिव गेलालले नवनिर्मित भवन प्राप्तिका निम्ति बैंकलाई बधाई दिँदै मन्त्रालय मातहतको विभाग/आयोजनालाई भवन निर्माणको जिम्मेवारी दिइएकोमा बैंक व्यवस्थापनप्रति आभार प्रकट गर्नुभयो । आयोजना निर्देशक अधिकारीले विभिन्न विषम परिस्थितिका कारण भवन निर्माण कार्य ढिला भएको उल्लेख गर्दै भवनको गुणस्तरमा कुनै कमजोरी नरहेको स्पष्ट पार्नुभयो ।

सो अवसरमा भवन निर्माण कार्यमा प्रारम्भदेखि नै संलग्न सहरी विकास तथा भवन निर्माण विभागका अधिकारी, निर्माण व्यवसायी तथा परामर्शदाता कम्पनीका प्रतिनिधिलाई प्रशंसापत्र प्रदान गरिएको थियो । यसै गरी, भवन निर्माण कार्यमा संलग्न सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक, पूर्व कार्यकारी निर्देशकहरू, ईञ्जिनियरलगायतलाई समेत गभर्नर अधिकारीले प्रशंसापत्र प्रदान गर्नुभयो ।

सो अवसरमा सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक सुमनकुमार अधिकारीले स्वागत मन्तव्य राख्नुभयो भने उप-निर्देशक प्रेमप्रसाद आचार्यले




कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

२०७२ सालको महाभूकम्पका कारण बैंकको केन्द्रीय कार्यालय भवन क्षतिग्रस्त भएपछि यसको पुनर्निर्माण गर्नेगरी बैंक र सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाइबीच २०७३ असार २९ गते समझदारी भएको थियो । भवन निर्माण कार्य तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय आयोजना इकाइबाट हुनेगरी २०७४ चैत २० गते निर्णय भएको थियो । जसअनुसार २०७५ फागुन २९ गते प्राधिकरण र सिको-समानान्तर जेभीबीच भवन निर्माण सम्झौता भएको थियो । दुई अर्ब ५१ करोड ३१ लाख ८२ हजार १४ रुपैयाँ ९० पैसाको लागतमा उक्त भवन निर्माण भएको जनाइएको छ । भवनमा बेसमेन्टसहित छ वटा तला र ४२० वटा कोठा निर्माण गरिएका छन् । ■

# गभर्नर अधिकारीद्वारा बीआईएसको ९४ औं वार्षिक बैठकमा सहभागिता

गभर्नर महाप्रसाद अधिकारी २०८१ असार १५ र १६ गते स्विट्जरल्याण्डको बासेलमा आयोजित The Bank for International Settlements (BIS) को ९४ औं वार्षिक बैठकमा सहभागी भई असार १८ गते स्वदेश फर्कनुभयो । सो बैठकमा बीआईएसका सदस्य राष्ट्र, विश्वका विभिन्न केन्द्रीय बैंक तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो ।

बैठकका क्रममा गभर्नर अधिकारीले 'High Level Meeting on Cross-border Payments' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा विभिन्न राष्ट्रका अन्तरदेशीय भुक्तानी प्रणालीमा भएका उपलब्धि र चुनौतीका सम्बन्धमा छलफल भएको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले फाइनान्सियल स्टाब्लिटी इन्स्टिच्युटद्वारा आयोजित 'Policy Approaches for Addressing Risks posed by the use of AI in Financial Services' विषयक अन्तरक्रियामा सहभागी हुनुभयो ।



उक्त कार्यक्रममा Artificial Intelligence को प्रयोग, यसले ल्याउनसक्ने चुनौती र त्यसलाई सम्बोधन गर्न विश्वका विभिन्न केन्द्रीय बैंकले अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाबारे छलफल भएको थियो ।

बैठकमा बीआईएसका महाप्रबन्धक अगस्टिन कार्टेन्सले बीआईएसको सन् २०२३ को वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै विश्वभरका केन्द्रीय बैंकले लिएका कसिलो मौद्रिक नीतिका कारण मुद्रास्फीति र वित्तीय स्थायित्वमा सुधार आएको चर्चा गर्नुभयो । उहाँले विगतका आर्थिक तथा वित्तीय सङ्कटको अनुभवबाट पाठ सिक्दै अझै पनि केन्द्रीय बैंकहरू भविष्यमा आउनसक्ने जोखिमका कारण ढुक्क हुने स्थिति नरहेको धारणा राख्नुभयो ।

बैठकका दौरान गभर्नर अधिकारीले बीआईएस, बैंकिङ विभागका प्रमुख लुइस बेनगोचिया र अन्य प्रतिनिधि, भारतीय रिजर्व बैंक, स्टेट बैंक अफ पाकिस्तान, बैंक अफ मौरिसस र अन्य केन्द्रीय बैंकका गभर्नर तथा उच्च अधिकारीहरूसँग समेत छलफल गर्नुभएको थियो ।

बीआईएस एक अन्तर्राष्ट्रिय वित्तीय संस्था हो, जसले विश्वभरका केन्द्रीय बैंकबीचको समन्वय र नीतिगत प्रयासबाट मौद्रिक तथा वित्तीय स्थायित्व प्रवर्द्धनको निम्ति आवश्यक भूमिका निर्वाह गर्दछ । सन् १९३० मा स्थापित यस संस्थामा हाल ६३ वटा केन्द्रीय बैंकहरू सदस्य छन् । यसको मुख्यालय स्विट्जरल्याण्डको बासेलमा रहेको छ । ■

## मौद्रिक नीतिको तर्जुमाको सिलसिलामा सरोकारवालासँग अन्तरक्रिया

# सबै समस्यालाई मौद्रिक नीतिले सम्बोधन गर्न सक्दैन: गभर्नर अधिकारी




आर्थिक अनुसन्धान विभागले असार २० गते काठमाडौंमा मौद्रिक नीति तर्जुमाको सिलसिलामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा गभर्नर अधिकारीले अर्थतन्त्रलाई गतिशील बनाउका निम्ति राष्ट्र बैंकबाट यथेष्ट प्रयास हुँदै आएको उल्लेख गर्दै सबै समस्यालाई मौद्रिक नीतिले सम्बोधन गर्न नसक्ने स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो, "सबै समस्यालाई मौद्रिक नीतिले मात्रै सम्बोधन गर्छ भनेर अपेक्षा राखिनुहुँदैन। मौद्रिक नीतिबाट हुनसक्ने हदैसम्मको प्रयास राष्ट्र बैंकले गर्नेछ।" सरोकारवाला पक्षका सान्दर्भिक सुझावलाई मौद्रिक नीतिमा समेटिने आश्वासनसमेत गभर्नर अधिकारीले दिनुभयो।

उद्योग, व्यापारलगायतका व्यावसायिक गतिविधि दवाबमा रहेका कारण कर्जाको उपयोग हुन नसकेको धारणा उहाँले राख्नुभयो। यसका कारण बैंक तथा वित्तीय संस्थामा पनि दवाब परेको उहाँको भनाइ थियो।

कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका विभिन्न विभागका कार्यकारी निर्देशकसँगै बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, उद्योग वाणिज्यसम्बद्ध संघ सङ्गठन, ऊर्जा उत्पादक संघका प्रतिनिधि, निर्माण व्यवसायी, पर्यटन व्यवसायी, जग्गा व्यवसायी, गैर-बैंकिङ वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक संस्थाका प्रतिनिधि, अर्थविद्‌लगायतको सहभागिता थियो।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीका तर्फबाट आर्थिक शिथिलतालाई मध्यनजर राख्दै कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण हुनुपर्ने, पुनरकर्जा र सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिइनुपर्ने लगायतका सुझाव प्राप्त भएको थियो।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले अर्थतन्त्रको वर्तमान स्थिति र मौद्रिक नीति तर्जुमाको पृष्ठभूमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा विभागका निर्देशक सत्येन्द्रराज सुवेदीले अन्तरक्रिया कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक देवकी चौलागाईंले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

## 'अर्थतन्त्रको स्थितिअनुसार मौद्रिक नीति आउँछ'



गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रको अवस्थालाई दृष्टिगत गर्दै राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने बताउनुभएको छ। आगामी मौद्रिक नीतिका सन्दर्भमा नेपाल आर्थिक पत्रकार समाज (सेजन) द्वारा असार ११ गते काठमाडौंमा आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, "राष्ट्र बैंकका सबैजसो नीतिहरू तथ्याङ्कमा आधारित हुन्छन्। अर्थतन्त्रको विद्यमान स्थितिलाई सम्बोधन गर्नेगरी आगामी मौद्रिक नीति आउनेछ।"

मौद्रिक नीतिका आफ्नै सीमाहरू रहेको उल्लेख गर्दै गभर्नर अधिकारीले अर्थतन्त्रका सबै विषयलाई मौद्रिक नीतिले समेट्न नसक्ने स्पष्ट पार्नुभयो। राष्ट्र बैंकका सीमा र बाध्यतालाई बुझिदिनसमेत उहाँले सरोकारवाला पक्षलाई आग्रह गर्नुभयो।

## वाणिज्य बैंकका सञ्चालकसँग बैंकको अन्तरक्रिया

# वित्तीय स्रोतलाई उत्पादनमूलक क्षेत्रमा लगाऔं: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले बैंक तथा वित्तीय संस्थामा रहेका वित्तीय स्रोतलाई उत्पादनमूलक क्षेत्रमा लगानी हुनुपर्ने आवश्यकतामा जोड दिनुभएको छ।

वाणिज्य बैंकका सञ्चालक समिति अध्यक्ष र लेखापरीक्षण समितिका संयोजकको सहभागितामा बैंक तथा वित्तीय संस्था नियमन विभागले असार २७ गते काठमाडौंमा आयोजना गरेको कार्यक्रममा गभर्नर अधिकारीले मुलुकको अर्थतन्त्रको आवश्यकता अनुसार वित्तीय स्रोत परिचालन हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "बैंकिङ क्षेत्रमा रहेका स्रोतहरू उत्पादनशील क्षेत्रमा लगानी हुनुपर्छ। जसले उत्पादन पनि बढाओस् र रोजगारी सिर्जना पनि गरोस्।" वार्षिक तीन खर्ब हाराहारीमा कृषिजन्य वस्तुको आयात भइरहेको उल्लेख गर्दै गभर्नर अधिकारीले कृषि क्षेत्रमा लगानी बढाउन सञ्चालकहरूसँग आग्रह गर्नुभयो।

बैंकका सञ्चालकले सर्वसाधारण निक्षेपकर्ताको हितलाई केन्द्रमा राखेर संस्था सञ्चालन हुनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। "बैंक तथा वित्तीय संस्थाहरू सर्वसाधारण निक्षेपकर्ताका सम्पत्तिको संरक्षक हुन्। सञ्चालकले आफ्नो स्वार्थ अनुसार होइन, निक्षेपकर्ताको हितलाई केन्द्रमा राखेर वित्तीय स्रोत परिचालन गर्नुपर्छ।" गभर्नर अधिकारीले भन्नुभयो। डिजिटल बैंकिङको विकाससँगै विभिन्न चुनौती थपिएको उल्लेख गर्दै उहाँले त्यस्ता चुनौतीलाई सम्बोधन गर्नेगरी आफ्नो संस्थाको प्रणाली र जनशक्तिको क्षमता विकास गर्न सञ्चालकहरूलाई सुझावसमेत दिनुभयो।

कार्यक्रममा विभागका निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले वित्तीय क्षेत्रका समसामयिक विषयलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रउपर सहभागीहरूबीच छलफल भएको थियो। सो अवसरमा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले सर्वसाधारणको बचतको सुरक्षाका लागि सञ्चालक समिति जिम्मेवार हुनुपर्ने उल्लेख गर्दै संस्थागत सुशासनका निम्ति आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो। डेपुटी गभर्नर बमबहादुर मिश्रले छलफल सत्रको सहजीकरण गर्दै वित्तीय स्थायित्वका निम्ति सबैले प्रयास गर्नुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष, लेखापरीक्षण समितिका संयोजकसँगै, राष्ट्र बैंकका विभिन्न विभागका कार्यकारी निर्देशकहरूको समेत सहभागिता थियो। सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक शान्ता गिरीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# नियमनकारी तथा सुपरिवेक्षकीय निकायसँग अन्तरक्रिया




वित्तीय जानकारी इकाइले असार २७ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणका सम्बन्धमा नियमनकारी/सुपरिवेक्षकीय तथा अनुसन्धानकारी निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले सम्पत्ति शुद्धीकरण निवारणमा नेपालले हासिल गरेको उपलब्धिबारे चर्चा गर्नुभयो । साथै, पारस्परिक मूल्याङ्कन प्रतिवेदनले औँल्याएका नियामकीय तथा सुपरिवेक्षकीय सुधारका लागि सम्पूर्ण नियमनकारी, सुपरिवेक्षकीय तथा अनुसन्धानकारी निकायबीच सहकार्य र समन्वय अपरिहार्य रहेको धारणा उहाँले राख्नुभयो ।

सो अवसरमा नायब महान्यायाधिवक्ता संजीवराज रेग्मी र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले अलगअलग कार्यपत्र प्रस्तुत गर्नुभयो । नायव महान्यायाधिवक्ता रेग्मीले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा अनुसन्धान तथा अभियोजनकारी निकायको भूमिका र अपेक्षाबारे प्रकाश पार्दै अनुसन्धान तथा अभियोजन कार्यलाई थप प्रभावकारी बनाउन विभिन्न सूचक संस्था, नियमनकारी निकायहरूबीच समन्वय र सहकार्य हुनुपर्ने बताउनुभयो । कार्यकारी निर्देशक पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय र सुपरिवेक्षकीय निकायको भूमिका र अपेक्षाबारे प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तर्राष्ट्रिय मापदण्डको कार्यान्वयनमा बैंकिङ क्षेत्र अगाडि रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालयलगायतका निकायका उच्च अधिकारीहरूको उपस्थिति थियो । सहभागी सदस्यको रूपमा विभिन्न वित्तीय संस्था तथा गैरवित्तीय पेसाकर्मी/व्यवसायीका नियमनकारी/सुपरिवेक्षकीय निकायहरू, नेपाल राष्ट्र बैंकअन्तर्गतका विभिन्न विभाग, पर्यटन मन्त्रालय, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था, कम्पनी रजिष्ट्रारको कार्यालय र नेपाल कानुन व्यवसायी परिषद्बाट प्रतिनिधिको सहभागिता थियो ।

कार्यक्रममा अनुसन्धानकारी निकायका तर्फबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरो, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी विकास बोर्ड, काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिका प्रतिनिधिको समेत सहभागिता थियो । कार्यक्रमको प्राविधिक सत्रमा दुई वटा कार्यपत्रको प्रस्तुतिपश्चात् भइसकेपछि उपस्थित सम्पूर्ण सहभागीहरूबीच त्यसबारे छलफल भएको थियो ।

सो अवसरमा इकाइका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको आवश्यकता र औचित्यबारे पार्नुभयो भने इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय संस्थाका सञ्चालकहरूसँग अन्तरक्रिया




वित्तीय संस्था सुपरिवेक्षण विभागले असार ७ गते विकास बैंक र वित्त कम्पनी सञ्चालक समितिका अध्यक्ष र लेखापरीक्षण समितिका संयोजकका काम/कर्तव्यका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा गभर्नर अधिकारीले वित्तीय स्थायित्वलाई राष्ट्र बैंकले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै वित्तीय स्थायित्वबाट मात्रै अर्थतन्त्रका अन्य क्षेत्र सफल हुने धारणा राख्नुभयो। प्रभावकारी नीतिको तर्जुमा र कार्यान्वयन गरी आफ्ना संस्थालाई सबल ढङ्गले सञ्चालन गर्न समेत उहाँलाई वित्तीय संस्थाका सञ्चालकहरूलाई आग्रह गर्नुभयो। "वित्तीय संस्था सर्वसाधारणको निक्षेपबाट चल्ने संस्था हुन्। राष्ट्र बैंकले दिएको लाइसेन्सका आधारमा जनताले तपाईंहरूलाई विश्वास गरेका हुन्। त्यो लाइसेन्सको इज्जत रहनेगरी संस्था सञ्चालन गरिदिनुस्। त्यति गरिदिए पुग्छ।" उहाँले भन्नुभयो। विद्युतीय भुक्तानी प्रणालीको विस्तारसँगै सुरक्षा जोखिम पनि बढिरहेको सन्दर्भमा साईबर सुरक्षा प्रणालीलाई सबलीकरण गर्नुपर्ने आवश्यकतामा गभर्नर अधिकारीले जोड दिनुभयो।

पछिल्लो समय बैंकिङ संस्थाविरुद्ध अवाञ्छित गतिविधि सिर्जना गरेर समग्र वित्तीय प्रणालीलाई प्रभावित पार्न खोज्ने प्रयास भइरहेको उल्लेख गर्दै त्यसप्रति सजग रहनसमेत उहाँले सञ्चालकहरूलाई आग्रह गर्नुभयो। वित्तीय संस्थाका सेवालाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्दै उत्पादनमूलक क्षेत्रमा वित्तीय स्रोत्रलाई परिचालन गर्नुपर्ने धारणा गभर्नर अधिकारीले राख्नुभयो। सो अवसरमा वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले वित्तीय संस्थाको जोखिम व्यवस्थापन र संस्थागत सुशासनको प्रवर्द्धनमा सञ्चालक समितिको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्दै त्यसप्रति सजग रहन सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो।

कार्यक्रममा विभागका निर्देशक अनुज दाहालले 'क' र 'ख' वर्गका वित्तीय संस्थाका सञ्चालक समितिका काम/कर्तव्य र अन्य पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले विकास बैंक र वित्त कम्पनीका वित्तीय परिसूचक, सञ्चालक समिति र लेखापरीक्षण समितिका काम, कर्तव्य र उत्तरदायित्व, समिति र विभिन्न उपसमितिका कामकारबाहीका सम्बन्धमा निरीक्षण र सुपरिवेक्षणका क्रममा भेटिएका कैफियतबारे जानकारी दिनुभयो।

कार्यपत्र प्रस्तुतिपश्चात् त्यसउपर सहभागीहरूबीच छलफल भएको थियो। सो अवसरमा सहभागीहरूबाट कर्जा असुलीमा देखिएका समस्या, बढ्दो निष्क्रिय कर्जा अनुपात, पुँजी पर्याप्तता संरचना र आगामी मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने विषयमा धारणा र सुझाव प्राप्त भएको थियो।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा राष्ट्र बैंकले वित्तीय संस्थाको जोखिम व्यवस्थापन र संस्थागत सुशासनको नीतिगत व्यवस्था र निर्देशन जारी गरेको उल्लेख गर्दै त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले संस्थागत सुशासनको प्रवर्द्धनमा सञ्चालक समिति र लेखापरीक्षण समितिको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै संस्थाका नीतिको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा समितिबाट नियमित अनुगमन र मूल्याङ्कन हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो।

कार्यक्रममा विकास बैंक र वित्त कम्पनीका सञ्चालक समिति अध्यक्ष र लेखापरीक्षण समितिका संयोजक गरी ६५ जनाको सहभागिता थियो। सो अवसरमा विभागका निर्देशक रञ्जना पौडेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक निरज अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वित्तीय संस्थामा जोखिम व्यवस्थापन तथा कर्जाको गुणस्तरसम्बन्धी अन्तरक्रिया




वित्तीय संस्था सुपरिवेक्षण विभागले जेठ ३२ गते काठमाडौंमा विकास बैंक र वित्त कम्पनीमा जोखिम व्यवस्थापन तथा कर्जाको गुणस्तरका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

का.मु. गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा आयोजित कार्यक्रममा विकास बैंक र वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो । कार्यक्रममा का.मु. गभर्नर तिम्सिनाले केन्द्रीय बैंकबाट जारी भएका नीतिगत व्यवस्था र निर्देशनको पालना गर्नु बैंक तथा वित्तीय संस्थाको दायित्व रहेको उल्लेख गर्दै वित्तीय साक्षरता प्रवर्द्धनमार्फत जोखिमको न्यूनीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । साथै, अर्को प्रसङ्गमा उहाँले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको कार्यान्वयन गर्न समेत निर्देशन दिनुभयो ।

सो अवसरमा विभागका निर्देशक अनुज दाहालले 'ख' र 'ग' वर्गका वित्तीय संस्थाका विद्यमान जोखिम र सोको व्यवस्थापन तथा कर्जाको गुणस्तरबारे कार्यपत्र प्रस्तुत गर्दै ती संस्थामा जोखिमको स्तर, जोखिम व्यवस्थापनको अभ्यास र कर्जाको गुणस्तरको स्थितिबारे चर्चा गर्नुभयो । सोपश्चात् विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी र निर्देशक दाहालले सहभागीबाट राखिएका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपालका अध्यक्ष सुयोग श्रेष्ठ र नेपाल वित्तीय संस्था संघका अध्यक्ष सुनिल पन्तले सहभागीका तर्फबाट मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले सहभागीबाट उठेका विषयमा केन्द्रित रहेर आफ्नो मन्तव्य राख्नुभयो । विभागका कार्यकारी निर्देशक पंगेनीले समापन मन्तव्य राख्दै बैंक तथा वित्तीय संस्थामा उत्पन्न हुने सबै प्रकृतिका जोखिमको उचित व्यवस्थापन गरी कर्जाको गुणस्तर र संस्थागत सुशासन कायम राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा विभागका सम्पूर्ण कर्मचारीको उपस्थिति थियो । विभागका उप-निर्देशक निरज अधिकारीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सिद्धार्थनगरमा विदेशी विनिमय कारोबारसम्बन्धी अन्तरक्रिया



विदेशी विनिमय व्यवस्थापन विभागले असार ४ गते सिद्धार्थनगरमा विदेशी विनिमय कारोबारका विविध पक्षबारे अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

'नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोबार इजाजतपत्र तथा निरीक्षण विनियमावली, २०७७' र विभागद्वारा जारी 'एकीकृत परिपत्र-२०८०' मा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा आयोजित कार्यक्रममा वाणिज्य बैंक, परिवर्त्य विदेशी मुद्रा स्वीकार गर्ने मनिचेन्जर, ट्राभल एजेन्सी, होटेललगायतका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा विभागका निर्देशक निश्चल अधिकारी र उप-निर्देशक मणिराज श्रेष्ठले विदेशी विनिमय कारोबारको नीतिगत व्यवस्थाका सन्दर्भमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर ढुङ्गानाले विदेशी विनिमय कारोबारको निम्ति इजाजतप्राप्त संस्था वा व्यवसायीले निर्दिष्ट कानुनी र नीतिगत व्यवस्थाको अधीनमा रहेर कारोबार गर्नुपर्ने उल्लेख गर्दै त्यस क्रममा देखिएका समस्या र गुनासोलाई आपसी समन्वयमा सुधार गरिने जानकारी दिनुभयो । कार्यक्रममा विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले नीतिगत व्यवस्थामा रहेका द्विविधा र सरोकारवालाका समस्या समाधानका निम्ति यस्ता कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा सिद्धार्थनगर कार्यालयका निर्देशक विज्ञानराज सुवेदीले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने विभागका सहायक निर्देशक गोपीकृष्ण अर्यालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# Systemically Important Payment System (SIPS) को ढाँचासम्बन्धी गोष्ठी सम्पन्न

भुक्तानी प्रणाली विभागले जेठ १७ गते काठमाडौंमा Systemically Important Payment System (SIPS) पहिचानका निमित तयार गरिएको ढाँचाका विषयमा गोष्ठी आयोजना गऱ्यो ।



डेपुटी गभर्नर बमबहादुर मिश्रको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । SIPS का विषयमा सरोकारवाला पक्षलाई जानकारी दिने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको जानकारी विभागले दिएको छ ।

सो अवसरमा विभागका उप-निर्देशक कर्ता श्रेष्ठले भुक्तानीसम्बन्धी कार्यका सन्दर्भमा Systemically Important Payment System (SIPS) पहिचान गर्नका लागि विभागले तयार गरेको ढाँचाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक निर्देशक दामोदर बस्यालले केन्द्रीय बैंक विद्युतीय मुद्राको सम्बन्धमा उल्लेख्य प्रगति हासिल गरेका केन्द्रीय बैंकको अनुभवबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा नेपाल क्लियरिङ हाउस लिमिटेड र फोनपे पेमेन्ट सोलुसन प्रालिका कार्यकारी प्रमुखहरूले आ-आफ्नो प्रस्तुति दिनुभएको थियो । भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टको संयोजकत्वमा आयोजित कार्यक्रममा विभागका कर्मचारी र अनुमतिपत्रप्राप्त संस्थाका प्रतिनिधिको सहभागिता थियो । विभागका उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# Cyber Resilience Guidelines सम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले जेठ ८ गते 'Cyber Resilience Guidelines' विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



विभागद्वारा जारी गरिएको Cyber Resilience Guidelines मा उल्लिखित व्यवस्थाबारे जानकारी दिने उद्देश्यले भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाका प्रतिनिधिको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रमको पहिलो चरणमा वाणिज्य बैंकका डिजिटल प्रमुखहरूसँग नेपालमा विद्युतीय भुक्तानीको अवस्था, भुक्तानी प्रणालीका साइबर जोखिम, तिनका प्रकृति र जोखिम न्युनीकरणका लागि सम्बन्धित बैंकले गरेका प्रयासका विषयमा छलफल भयो ।

दोस्रो चरणमा भुक्तानीसम्बन्धी कारोबारको निम्ति अनुमतिपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाका इन्फर्मेसन सेक्युरिटी अफिसरको सहभागितामा सोही विषयमा अन्तरक्रिया भयो । विभागका उप-निर्देशक सागरमायालु जोशीले सो विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा सहभागीहरूबाट Cyber Resilience Guidelines सम्बन्धमा विभिन्न जिज्ञासा र सुझाव राखिएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रले पछिल्लो समयमा विद्युतीय भुक्तानी कारोबार र उपकरणको प्रयोगमा भएको वृद्धिसँगै भुक्तानी कारोबारमा विद्युतीय माध्यमबाट हुने ठगी, जालसाजीलगायतका विभिन्न अपराधिक घटनाका कारण सुरक्षा चुनौती थपिएको धारणा राख्नुभयो । त्यस्ता जोखिमको न्यूनीकरणका निम्ति बैंकले उक्त मार्गदर्शन कार्यान्वयनमा ल्याएको जानकारी उहाँले दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र औचित्यबारे प्रकाश पार्नुभयो । कार्यक्रमको दुवै सत्रमा गरी सयभन्दा बढीको सहभागिता थियो । विभागका उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले असार ५ गते काठमाडौंमा वित्तीय साक्षरता र वित्तीय ग्राहक संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

'क' वर्गका वाणिज्य बैंकका गुनासो सुन्ने अधिकारीहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरको हो । सो अवसरमा महाशाखाका उप-निर्देशक नवीना ढकालले वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय साक्षरतासम्बन्धी नीति, निर्देशिका, 'वित्तीय साक्षरता मार्गदर्शन, २०७९' र 'वित्तीय साक्षरता रूपरेखा, २०२२' का मुख्य व्यवस्था, रिपोर्टिङसँग सम्बन्धित समस्या तथा समाधानका उपायलगायतका विषयमा चर्चा गर्नुभयो ।

यसै गरी, उप-निर्देशक वशिष्ठ अधिकारीले वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनसम्बन्धी प्रस्तुति दिँदै विद्यमान नीतिगत व्यवस्था, गुनासो सुनुवाइ प्रक्रिया, समस्या र चुनौती तथा केही प्रतिनिधिमूलक गुनासोसहित विविध विषयमा चर्चा गर्नुभयो । वाणिज्य बैंकका तर्फबाट नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका प्रमुख सञ्चालन अधिकृत राजेश शर्माले 'गुनासो व्यवस्थापन' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले वित्तीय ग्राहक संरक्षण र वित्तीय साक्षरताको महत्त्वका विषयमा प्रकाश पार्दै बैंक तथा वित्तीय संस्थाप्रति गुनासो बढ्दै जाँदा त्यसबाट वित्तीय ग्राहकमाझ नकारात्मक सन्देश प्रवाह हुने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनको अनुपालनाबाट वित्तीय ग्राहकका गुनासा कम हुने उल्लेख गर्दै संस्थाका सेवा शुल्क सरल र पारदर्शी बनाउनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा महाशाखाका निर्देशक किरण पण्डितले अन्तरक्रिया सत्रको संयोजन गर्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो भने गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले समापन मन्तव्य राख्नुभयो ।

कार्यक्रममा उप निर्देशक टेकराज भण्डारीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रतीक्षा रिजालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विप्रेषण कम्पनीका प्रतिनिधिसँग अन्तरक्रिया



गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागले असार ७ गते काठमाडौंमा विप्रेषण कारोबार गर्ने कम्पनीका उच्च व्यवस्थापकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विप्रेषण कम्पनीको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत, कारोबारको रिपोर्टिङ, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणलगायतका समसामयिक विषयमा केन्द्रित रहेर विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका उप-निर्देशक सचिनराज पियाले विप्रेषण कम्पनीको स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत तथा विप्रेषण कारोबार गर्ने कम्पनीले राष्ट्र बैंकमा गर्नुपर्ने रिपोर्टिङका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण विषयमा वार्ता प्रस्तुत गर्दै विप्रेषण कारोबारमा हुने सम्पत्ति शुद्धीकरण जोखिमको न्यूनीकरणका निम्ति नियमित रिपोर्टिङ गर्न र कम्पनीका कर्मचारीको क्षमता विकासका निम्ति नियमित तालिमको व्यवस्था हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा विदेशी विनियम व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले नेपालमा विप्रेषण कारोबारलाई व्यवस्थित बनाउनका निम्ति सरोकारवाला पक्षको सुझावका आधारमा नीतिगत व्यवस्थामा आवश्यक सुधार गर्न सकिने जानकारी दिनुभयो । गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामबहादुर मानन्धरले बैंकले जारी गरेका परिपत्र र निर्देशनको पालना गर्न तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्दै व्यवसाय सञ्चालन गर्न कम्पनीका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा विप्रेषण कारोबार गर्ने कम्पनीका कार्यकारी प्रमुख, प्रतिनिधि र विभागका कर्मचारीको सहभागिता थियो । सो अवसरमा विभागका निर्देशक गिरिजाप्रसाद कोइरालाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक सुप्रिमा पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# बैंक तथा वित्तीय संस्थाका अनुपालना अधिकृतहरूसँग अन्तरक्रिया

बैंक सुपरिवेक्षण विभागले जेठ २८ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

वाणिज्य बैंक, विकास बैंक र पूर्वाधार विकास बैंकका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुपालना अधिकृतहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । विभागका उप-निर्देशक शिखा अधिकारीले सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका समसामयिक विषय र उप-निर्देशक अभियान उपाध्यायले नेपालको पारस्परिक मूल्याङ्कनमा देखिएका कैफियत र बैंक तथा वित्तीय संस्थाको सम्पत्ति शुद्धीकरण, नियन्त्रण, Targeted Financial Sanction (TFS), Proliferation Financing (PF) / Trade Based Money Laundering (TBML) मा गर्नुपर्ने कार्यका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले सहभागीबाट उठाइएका जिज्ञासाको जवाफ दिनुभएको थियो ।




कार्यक्रममा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले अर्थतन्त्रको दिगो विकासको निम्ति सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । वित्तीय जानकारी इकाइका प्रमुख दीर्घबहादुर रावलले सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि नियमनकारी निकाय, सुपरिवेक्षकीय निकाय र बैंक तथा वित्तीय संस्थाहरूबीच समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि जारी भएका ऐन, नियम, परिपत्र, अन्य नीतिगत व्यवस्थाको अनुपलाना गर्न बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिनुभयो । कार्यक्रममा बैंक सुपरिवेक्षण विभाग, वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक र अन्य अधिकृतहरूको समेत उपस्थिति थियो ।

सो अवसरमा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले अर्थतन्त्रको दिगो विकासको निम्ति सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक मनोज गुरुङले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक सुजल ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# शङ्कास्पद विदेशी मुद्राको पहिचान र नियन्त्रणसम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले असार २ गते पोखरामा 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण र शङ्कास्पद विदेशी मुद्राबाट हुनसक्ने कारोबार रोकथाम' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका निर्देशक आर्या जोशीको उपस्थितिमा आयोजित कार्यक्रममा उक्त विभागसँगै, पोखरा कार्यालय, वाणिज्य बैंक, विकास बैंक, मनिचेन्जर, होटेल, ट्राभल एण्ड टुर, एअरलाइन्स, प्याराग्लाइडिङ कम्पनीका प्रतिनिधिसहित ६२ जनाको सहभागिता थियो ।

कार्यक्रममा विभागका उप-निर्देशक माधवप्रसाद पोखरेलले 'नगद विदेशी मुद्राको कारोबारसम्बन्धी नियम तथा सीमा रहने जोखिम' र अर्को उप-निर्देशक गेदा पंगेनीले 'शङ्कास्पद विदेशी मुद्राको पहिचान तथा परीक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।




सो अवसरमा समापन मन्तव्य राख्दै निर्देशक जोशीले शङ्कास्पद विदेशी मुद्रा कारोबारको जोखिम न्यूनीकरणका निम्ति उक्त कार्यक्रम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा विभागका उप-निर्देशक राजेशप्रसाद शर्माले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले धन्यवाद ज्ञापन गर्नुभयो । विभागका सहायक निर्देशक प्रलिशा जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# विराटनगरमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अनुशिक्षण




आन्तरिक लेखापरीक्षण विभागले असार ७ गते विराटनगरमा जोखिममा आधारित आन्तरिक लेखापरीक्षणसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा विभागका सहायक निर्देशक पृथु शर्मा विनाडीले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणको सैद्धान्तिक पक्ष, यसको उपादेयता, Three lines of Defense, लेखापरीक्षण योजना, रणनीति र लेखापरीक्षण प्रतिवेदनका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले जोखिममा आधारित आन्तरिक लेखापरीक्षणले संस्थागत सुशासनलाई प्रवर्द्धन गर्ने धारणा राख्नुभयो । विभाग/कार्यालयले नियमित कार्यसम्पादनका क्रममा वित्तीय अनुशासन कायम राख्नुपर्ने उल्लेख गर्दै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन प्रचलित नीति, नियम, निर्देशन/परिपत्रको पालना गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा विभागका निर्देशक अशोक घिमिरेले जोखिममा आधारित आन्तरिक लेखापरीक्षण सुरु भएपछि नेपाल राष्ट्र बैंकका समग्र विभाग/कार्यालयसँगै विराटनगर कार्यालयको लेखापरीक्षणका क्रममा देखिएका कैफियतका सम्बन्धमा जानकारी दिनुभयो । विराटनगर कार्यालयका निर्देशक बुद्धराज शर्माले स्वागत मन्तव्य राख्दै यस्ता किसिमका अनुशिक्षण कार्यक्रमबाट प्रदेशस्थित कार्यालयको कर्मचारीको क्षमता अभिवृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका करिब ५० जना कर्मचारीको सहभागिता थियो । विभागका उप-निर्देशक दीपेन्द्रप्रसाद पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# धनगढीमा विदेशी विनिमय कारोबारसम्बन्धी अनुशिक्षण




धनगढी कार्यालयले असार २१ गते विदेशी विनिमय कारोबार र सोसम्बन्धी नीतिगत व्यवस्थाका विषयमा अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

विदेशी विनिमय व्यवस्थापन विभाग र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागसँगको समन्वयमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेञ्जरलगायतका संस्थाका प्रतिनिधिको सहभागितामा आयोजित कार्यक्रममा 'Foreign Exchange Licensing and Reporting System (FXOL)', विदेशी मनिचेञ्जर कारोबारको सञ्चालन तथा विद्यमान नीतिगत व्यवस्था' विषयमा अनुशिक्षण दिइएको थियो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक भोजराज भट्टले विदेशी विनिमय कारोबारसम्बन्धी एकीकृत परिपत्रको व्यवस्था र सहायक निर्देशक तुलसा ओभ्फाले मनिचेञ्जर कारोबारको सञ्चालन तथा विद्यमान नीतिगत व्यवस्थाका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका सहायक निर्देशक निशान हिताङले 'Foreign Exchange Licensing and Reporting System (FXOL)' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले सहभागीले राखेका जिज्ञासालाई सम्बोधन गर्दै विदेशी विनिमय कारोबारका सन्दर्भमा राष्ट्र बैंकबाट जारी नीतिगत व्यवस्था र अन्य समसामयिक विषयमा चर्चा गर्नुभयो । कार्यालयका निर्देशक सुवास आचार्यले विदेशी विनिमय कारोबार र यसको संवेदशीलताबारे सेवाग्राहीलाई सुसूचित गराउन बैंक इजाजतपत्रप्राप्त संस्थाहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा धनगढी कार्यालयका उप-निर्देशक सुधा दुलाल आचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक तुलसा ओभ्फाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# 'BASEL-III तथा Capital Adequacy Framework सम्बन्धी अन्तरक्रिया

वित्तीय संस्था सुपरिवेक्षण विभागले असार २३ गते काठमाडौंमा 'BASEL-III तथा Capital Adequacy Framework विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

विकास बैंक तथा वित्त कम्पनीका रिपोर्टिङ अफिसरहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका सहायक निर्देशकद्वय अपिल सुवेदी र रमेश सारुले BASEL-III र Capital Adequacy Framework विषयमा वार्ता प्रस्तुत गर्नुभयो भने बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक विवेक दाहालले Issues in filing of NRB 38 (Capital Adequacy Report Monthly) / NRB 35 (Capital Adequacy Report-Annualy) in Supervisory Information System विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनी, निर्देशकद्वय अनुज दाहाल र रञ्जना पौडेललगायत विभागका अन्य कर्मचारीको उपस्थिति थियो । सो अवसरमा कार्यकारी निर्देशक पंगेनीले बैंक तथा वित्तीय संस्थामा पुँजीको महत्त्वबारे प्रकाश पार्दै संस्थाले पेस गर्ने तथ्याङ्कका आधारमा राष्ट्र बैंकले सुपरिवेक्षकीय दृष्टिकोण तय गर्ने भएकाले निर्धारित समयमै पूर्ण र गुणस्तरीय तथ्याङ्क पठाउन आग्रह गर्नुभयो ।

विभागका निर्देशक अनुज दाहालले बासेल सिद्धान्त प्रारम्भ हुनुको सङ्क्षिप्त पृष्ठभूमिबारे चर्चा गर्दै समापन मन्तव्य व्यक्त गर्नुभयो । निर्देशक रञ्जना पौडेलले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक निर्जल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा सरकारी कारोबारसम्बन्धी गोष्ठी

जनकपुर कार्यालयले असार २ गते प्रदेशको सरकारी कारोबारको विवरण तथा कोषको स्थिति तयार गर्ने सम्बन्धमा गोष्ठी आयोजना गऱ्यो ।

बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापाको उपस्थितिमा आयोजित गोष्ठीमा जनकपुर कार्यालयसँगै, प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित वाणिज्य बैंकका प्रतिनिधिसहित ३२ जनाको सहभागिता थियो ।



कार्यक्रममा बैंकिङ विभागका सहायक निर्देशक ओमशीला कार्कीले प्रदेश सरकारको सञ्चित कोष सञ्चालन र कोष व्यवस्थापनका नीतिगत व्यवस्था, सरकारी खाता र कारोबारको हिसाबमिलान तथा कोषको स्थिति तयारी र जनकपुर कार्यालयका सहायक उमङ्ग कटुवालले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को विभिन्न अवधिका कोषको स्थिति, सरकारी कारोबार सञ्चालनमा देखिएका प्रमुख समस्या र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा बैंकिङ विभागका कार्यकारी निर्देशक थापाले राजस्व, धरौटी र विविध आम्दानीको हिसाबमिलान आवधिक रूपमा हुनुपर्ने उल्लेख गर्दै त्यसका निम्ति बैंकिङ कारोबारमा संलग्न बैंक, प्रदेश लेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकबीच समन्वय हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सरकारी कारोबारसँग सम्बन्धित सरोकारवाला पक्षबाट सुझाव लिएर सरकारी कारोबार निर्देशिकामा आवश्यक संशोधन गरिने जानकारीसमेत उहाँले दिनुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक माधव दंगालले देशको वर्तमान, आर्थिक तथा वित्तीय स्थिति, सरकारी कारोबारको अवस्थाबारे चर्चा गर्दै सरकारको नीति तथा कार्यक्रम तर्जुमामा सरकारी कारोबारसँग सम्बन्धित तथ्याङ्कको महत्त्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका उप-निर्देशक सृजना बज्राचार्यले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो भने सहायक छविलाल भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सालमन र रिप्याट्रिएशन



मणिराज श्रेष्ठ
उप-निर्देशक

नेपालभन्दा हजारौं किलोमिटर टाढा प्रशान्त महासागर र आन्ध्र महासागर आसपासको क्षेत्रमा माछाको एक प्रजातिले वर्षाको प्रतीक्षा गर्ने गर्दछ । 'सालमन' प्रजातिको माछा समुद्रको नुनिलो पानीभन्दा उपल्लो भागको ताजा पानीमा जन्म लिई युवा अवस्थाको सुरुआतमा समुद्रतर्फको यात्रामा निस्कन्छ । वर्षाको कारण नदीमा पानीको सतह बढ्दा सालमनलाई आफ्नो जन्मथलो फर्कन सहज वातावरण तयार हुन्छ । जीवनका अधिकांश वर्षहरू समुद्रमा बिताएपश्चात् सालमन आफ्नो जन्मथलो खोज्दै पानी बग्ने उल्टो बाटो उकालो चढ्दै करिब हजार माइलसम्मको घरफिर्ती यात्रा (सालमन रन) मा निस्कन्छ । रिप्याट्रिएशन अर्थात् फिर्ता हुने विषयले प्रसङ्गअनुसार फरक-फरक अर्थ राख्ने भए तापनि यस आलेखमा नेपालबाट विदेशमा रकम फिर्ताको लागि उपलब्ध विदेशी विनिमय सटही सुविधालाई समेटिएको छ ।

पुँजी, प्रविधि र परिश्रमले उत्पादनमा आफूले गरेको योगदानबमोजिम प्रतिफल खोज्दछ । कतिपय अवस्थामा स्वदेशमा उपलब्ध स्रोतसाधनले मात्र अपेक्षित उत्पादन एवम् उपलब्धि हासिल नहुने भएकाले विदेशी स्रोतसाधनको समेत आवश्यकता पर्दछ । दोस्रो विश्व युद्धपश्चात् मार्शल प्लानअन्तर्गत युरोपेली मुलुकहरूको पुनर्निर्माणमा विदेशी (अमेरिकी) स्रोतसाधनको प्रयोग भएको थियो । सन् १९५२ मा 'कोलम्बो प्लान'को सदस्यता, पहिलो बजेट वक्तव्य (वि.सं. २००८ को बजेटमा सामान्य आम्दानी रु.तीन करोड पाँच लाख १६ हजार रहेकोमा विशेष आम्दानीअन्तर्गत भारतीय (बेलायती) सरकारले दोस्रो विश्व युद्धपछि सालबसाली दिने रु.१० लाखको बदलामा एकमुष्ट लिइएको रु.दुई करोड ५० लाखको विकास कोषको व्यवस्था) र प्रथम पञ्चवर्षीय योजना (आ.व.२०१३/१४-२०१७/१८ को अवधिमा कुल रु.३३ करोड खर्च अनुमान गरिएकोमा भारत, संयुक्त राज्य अमेरिका र अन्य वैदेशिक सहायताबाट क्रमशः रु.१० करोड, रु.२ करोड ५० लाख र ११ करोड स्रोत परिचालन हुने अनुमान गरिएको) लाई विश्लेषण गर्दा नेपालले पनि विदेशी द्विपक्षीय तथा बहुपक्षीय सरकारी सहयोग परिचालनलाई महत्त्व दिएको देखिन्छ । यद्यपि, सन् नब्बेको दशकको आर्थिक उदारीकरणदेखि भने नेपालले विदेशी निजी क्षेत्रबाट हुने पुँजी, प्रविधि र सीप प्रवाहलाई समेत व्यवस्थित गरेको देखिन्छ । विदेशी मूलका उत्पादनका तत्त्वहरूले प्रतिफल आ-आफ्नो देश लैजानुलाई स्वभाविक नै मान्नुपर्छ । नेपालबाट उपलब्ध रिप्याट्रिएशन सुविधालाई बृहत् रूपमा विदेशी लगानी-विदेशी ऋण, बैंकिङ निक्षेप र आय-मुनाफा (विदेशी लगानी बाहेकका) गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

विदेशी लगानीको रिप्याट्रिएशनअन्तर्गत मुनाफा वा लाभांश, प्रविधि हस्तान्तरणको रोयल्टी, सेयर बिक्री, लिज भाडा, खारेजी वा लिक्विडेसनपश्चात् सम्पूर्ण दायित्व चुक्ता गरी बाँकी रहन आउने रकम आदि पर्दछन् । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ८ अन्तर्गतका शाखा उद्योगमार्फत हुने विदेशी लगानीको हकमा समेत रिप्याट्रिएशन सुविधा उपलब्ध छ । विदेशी लगानीअन्तर्गतको रकम रिप्याट्रिएशन गर्नका लागि विदेशी लगानी स्वीकृत गर्ने निकायबाट स्वीकृति प्राप्त भएपश्चात् विदेशी विनिमय सटही सुविधाको लागि नेपाल राष्ट्र बैंकको स्वीकृति लिई बैंक तथा वित्तीय संस्थामार्फत रिप्याट्रिएशन गर्न सकिन्छ । विदेशी ऋणअन्तर्गत सोको साँवा, ब्याज, शुल्क, खर्च आदि भुक्तानीको लागि रिप्याट्रिएशन गर्न सकिन्छ । विदेशी लगानी र विदेशी ऋण बापतको रिप्याट्रिएशनको लागि योग्य हुन त्यस्तो विदेशी लगानी-विदेशी ऋणको स्वीकृति लिएपछि सोबापतको विदेशी मुद्रा नेपाल भित्र्याएको हुनुपर्दछ र नेपालमा रकम भित्रिएपश्चात् नेपाल राष्ट्र बैंकमा लेखाङ्कन भएको हुनुपर्दछ । विदेशी ऋणको हकमा लेखाङ्कन गर्ने समयमा नै भुक्तानी तालिका समेत नेपाल राष्ट्र बैंकबाट स्वीकृत हुने भएकाले भुक्तानी तालिकामा उल्लिखित रकम रिप्याट्रिएशनको लागि बैंक तथा वित्तीय संस्थाबाटै सटही सुविधा प्राप्त हुन्छ । विदेशी लगानी वा विदेशी ऋणअन्तर्गत हुने रिप्याट्रिएशनका सम्बन्धमा 'नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' मा व्यवस्था रहेको छ । यो विनियमावली लागू हुनुपूर्व समेत 'विदेशी लगानी तथा प्रविधिसम्बन्धी ऐन, २०३८' को दफा १०, 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९' को दफा ५, 'लगानी बोर्ड ऐन, २०६८' को दफा १२, 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५' को दफा २०, 'सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५' को दफा ४५(४) र 'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९' को दफा १०ग का व्यवस्थाहरू तथा नेपाल राष्ट्र बैंकबाट विभिन्न मितिमा प्रकाशित सूचनाबमोजिम विदेशी लगानी तथा विदेशी ऋणको रिप्याट्रिएशन सुविधा उपलब्ध थियो ।

बैंकिङ निक्षेपअन्तर्गतको रिप्याट्रिएशनको हकमा वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खाता खोली विदेशबाट बैंकिङ प्रणालीमार्फत नेपालमा विदेशी मुद्रा भित्र्याई निक्षेपको अवधि समाप्त भएपश्चात् सोको मूलधन र ब्याज सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाटै रिप्याट्रिएशन गर्न सकिने व्यवस्था छ । यस्तो कारोबारअन्तर्गत नेपालमा रकम भित्र्याउन र नेपालबाट रिप्याट्रिएशन गर्न नेपाल राष्ट्र बैंकलगायत अन्य कुनै पनि निकायको स्वीकृति लिनुनपर्ने व्यवस्था छ । यस्तो निक्षेप गैरआवासीय नेपाली र विदेशी संस्थाको नाममा अमेरिकी डलर, यूरो, पाउण्ड स्टर्लिङ, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, जापानी येन र चिनियाँ युआन गरी सात वटा परिवर्त्य विदेशी मुद्रामा मुद्दती र बचत खाता खोल्न सकिन्छ । यस्तो निक्षेपको न्यूनतम मौज्दात अमेरिकी डलर १,००० तोकिएको छ । मुद्दती खाताको हकमा भने न्यूनतम निक्षेप अवधि एक वर्ष समेत तोकिएको छ । बैंकिङ प्रणालीबाट नेपालमा भित्र्याएको रकमबाट मात्र यस्तो खाता खोल्न सकिने र निक्षेपको अवधि समाप्त भएपश्चात् बैंकिङ प्रणालीबाट सम्बन्धित देश र निक्षेपकर्ताको खातामा रिप्याट्रिएशन हुने व्यवस्था छ । यस्तो मुद्दती खातासम्बन्धी व्यवस्था मिति २०७६/०५/१२ देखि र बचत खातासम्बन्धी व्यवस्था मिति २०७८/०८/१३ देखि कायम छन् । हाल यस्तो खातासम्बन्धी व्यवस्थालाई नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको 'एकीकृत परिपत्र-२०८०' को एकीकृत इ.प्रा. परिपत्र १७/२०८० को दफा ३ र दफा ४ मा समावेश गरिएको छ । उल्लिखित व्यवस्था बाहेक विदेशी नागरिक (पर्यटकसमेत) आफ्नो देश फर्की जाने भएमा निजको नेपालमा

**तालिकाः नेपालमा आर्जित आय-मुनाफा लगायत विविध रिप्याट्रिएशन**

| क्र.सं. | रिप्याट्रिएशन | एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्र, दफा |
|---|---|---|
| १ | नेपालमा दर्ता भएका व्यवसायी (फर्म, कम्पनी, संस्था बाहेक) ले आफ्नो मुनाफालाई भारतमा रिप्याट्रिएशन | परिपत्र १, दफा १.११.२ (ज) |
| २ | नेपालमा काम गर्न स्वीकृति प्राप्त भारतीय बीमा कम्पनी र वायु सेवालाई खर्च कटाई भारतमा रिप्याट्रिएशन | परिपत्र १, दफा १.११.४ |
| ३ | निर्यातको लागि अग्रिम भुक्तानी प्राप्त रकम फिर्ता | परिपत्र ५, खण्ड (क), दफा १(ठ) |
| ४ | नेपालस्थित विदेशी राजदूतावास तथा ई-भिसा प्रणालीबाट भिसा आवेदन लिने विदेशी सरकार वा राजदूतावासले तोकेका निकायले नेपालमा सङ्कलन गरेको भिसा शुल्क सम्बन्धित मुलुकमा रिप्याट्रिएशन | परिपत्र ७, दफा ४(क) र (ख) |
| ५ | विभिन्न प्रयोजनको लागि प्राप्त विदेशी मुद्रा प्रयोजनबमोजिम खर्च नभएमा फिर्ता | परिपत्र ७, दफा १४(क) र (ख) |
| ६ | अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्रअन्तर्गतको धरौटी फिर्ता | परिपत्र ७, दफा १४(ग) |
| ७ | विप्रेषण करोबारअन्तर्गत प्राप्त प्रि-फण्डिङ रकम फिर्ता | परिपत्र ७, दफा १४(घ) |
| ८ | विदेशी नागरिकको पारिश्रमिक रिप्याट्रिएशन | परिपत्र ७, दफा १७ |
| ९ | विदेशी विनिमय कारोबारको इजाजतपत्रप्राप्त ट्राभल/टूर एजेन्सी, वायुसेवा तथा जीएसए/पीएसएले नेपालमा बिक्री गरेको हवाई टिकट तथा कार्गो/कुरियर सेवाबापतको रकममा आफ्नो कमिसन, शुल्क कट्टी गरी प्रिन्सिपल कम्पनीलाई रिप्याट्रिएशन | परिपत्र १२, दफा १ र २ |
| १० | विदेशी लगानीअन्तर्गत नपर्ने विदेशी संस्थाको नेपालमा स्थापित शाखाबाट मुख्य संस्थालाई रिप्याट्रिएशन | परिपत्र १२, दफा ५ |
| ११ | सरकारी निकायबाट प्राप्त ठेक्काबापत आर्जन गरेको मुनाफा आफ्नो मुख्य संस्थालाई रिप्याट्रिएशन | परिपत्र १२, दफा ६ |
| १२ | विदेशी नागरिकसँग बाँकी रहेको नेपाली रुपैयाँलाई फरेन एक्सचेञ्ज इन्क्यासमेन्ट रिसिटको आधारमा अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षको सटही काउण्टरबाट (सटही गरेको विदेशी मुद्राको १५ प्रतिशतमा नबढ्ने गरी) रिप्याट्रिएशन | परिपत्र १७, दफा १(घ) को (७) |
| १३ | इजाजतपत्रप्राप्त क्यासिनोमा खेलाडीले बाजी जितेको रकमको रिप्याट्रिएशन | परिपत्र २३, दफा ३ |

खोलिएको परिवर्त्य विदेशी मुद्राको चल्ती, बचत, कल वा मुद्दती खाता बन्द गरी सोको मौज्दात बैंक-वित्तीय संस्थाले बैंकिङ प्रणालीमार्फत विदेशमा रिप्याट्रिएशन गर्नसक्ने व्यवस्थासमेत छ। विदेशी नागरिकले नगद परिवर्त्य विदेशी मुद्रा नेपाल भित्र्याई खातामा जम्मा गरेको भए रिप्याट्रिएशनको लागि अमेरिकी डलर १,५०० सम्म नगदै दिन सकिने व्यवस्था छ। यस्तो खातासम्बन्धी व्यवस्था मिति २०६८/०५/०१ देखि कायम रही हाल 'एकीकृत परिपत्र-२०८०' को एकीकृत इ.प्रा.परिपत्रः १७/२०८० को दफा १ को बुँदा घ(४) मा समावेश गरिएको छ।

नेपालमा आर्जित आय-मुनाफा (विदेशी लगानी बाहेक) लगायत विविध प्रकृतिका रिप्याट्रिएशनलाई देहायको तालिकामा उल्लेख गरिएको छ।

तालिकामा उल्लिखित रिप्याट्रिएशन सुविधामध्ये क्र.सं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १२ र १३ अन्तर्गतका व्यवस्थाहरू तोकिएका सर्तहरू (सोमध्ये क्र.सं. ५, ७ र १३ मा रकमको हदसमेत लागु हुने) को अधीनमा रही बैंक तथा वित्तीय संस्थाबाट र सोभन्दा बाहेकको आवस्थामा नेपाल राष्ट्र बैंकको स्वीकृतिमा मात्र रिप्याट्रिएशन गर्न सकिन्छ।

रिप्याट्रिएशन सुविधा उपलब्ध हुने/नहुने विषयलाई विदेशी पुँजी, प्रविधि र सीप प्रदायकले आफ्नो देशबाट विदेशमा त्यस्तो पुँजी, प्रविधि र सीप प्रवाह गर्ने/नगर्ने निर्णयको प्रमुख आधार बनाउने हुँदा विदेशी स्रोत-साधनलाई थप आकर्षित गर्ने वातावरण निर्माण गर्न देशहरूले रिप्याट्रिएशन सुविधामा सहजीकरण गर्नेतर्फ आफूलाई केन्द्रित गरेको देखिन्छ। पछिल्लो पटक नेपाल राष्ट्र बैंकले मिति २०८१/०३/१३ मा एकीकृत इ.प्रा. परिपत्रः १२/२०८० को दफा ५ को बुँदा नं. १८ लाई संशोधन गरी विदेशी लगानीअन्तर्गत नपर्ने विदेशी संस्थाको नेपालस्थित शाखाबाट खुद नाफा रिप्याट्रिएशनमा सहजीकरण गरेको छ। साबिकमा यस्तो रिप्याट्रिएशनको लागि सम्बन्धित नियामक निकायको सिफारिस अनिवार्य रहेकोमा नियामक निकाय यकिन हुन नसकेको हकमा त्यस्तो सिफारिसविना नै आवश्यकता र औचित्यको आधारमा रिप्याट्रिएशन गर्न सकिने व्यवस्था गरिएको छ। संशोधित व्यवस्थाले नेपालमा विदेशी स्रोतसाधनलाई थप प्रोत्साहित गर्ने र समग्र व्यावसायिक वातावरणमा सुधार हुने अपेक्षा छ।

**अन्त्यमा,**

घरफिर्तीको यात्रा गर्ने सबै सालमन गन्तव्य पुग्न सफल हुँदैनन्, न त घरफिर्ती हुन सफल सबै सालमनलाई आगामी वर्षा अनुभूति गर्ने अवसर नै प्राप्त हुन्छ। प्रशान्त महासागरबाट फर्कने सम्पूर्ण सालमन र आन्ध्र महासागरबाट फर्कने करिब ९०-९५ प्रतिशत सालमनको जन्मथलो फर्की आफ्ना सन्ततिलाई जन्म दिएपश्चात् मृत्यु हुन्छ। तर, ५-१० प्रतिशत सालमन भने पुनः आन्ध्र महासागर गई आगामी 'सालमन रन' मा सहभागी हुन सक्छन्। ■

# क्यूआर कोडमार्फत हुने अन्तरदेशीय भुक्तानी कारोबार र नेसनल पेमेन्ट स्विच



पुष्करराज भट्टराई
उप-निर्देशक

## अन्तरदेशीय भुक्तानी कारोबारको अर्थ

अन्तरदेशीय भुक्तानी कारोबारलाई परिभाषित गर्नुपूर्व विदेशी विनिमय र यसको कारोबारबारे बुझ्नु उपयुक्त हुन्छ। विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ मा विदेशी विनिमयले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुनसक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेको चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिट कार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र जस्ता मौद्रिक उपकरण र विदेशी विनिमय कारोबारले विदेशी विनिमय खरिद बिक्री गर्ने, ऋण लिने, दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने, दिने कार्य भनी व्याख्या गरिएको छ। यस आधारमा अन्तरदेशीय भुक्तानी कारोबार भन्नाले स्वदेशमा जारी भएका भुक्तानी उपकरणबाट विदेशमा गरिने कारोबार तथा विदेशमा जारी भएका भुक्तानी उपकरणको प्रयोग गरी स्वदेशमा हुने कारोबारलाई जनाउँछ।

अन्तरदेशीय भुक्तानी कारोबारका लागि आवश्यक पर्ने भुक्तानी उपकरण बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्थाले जारी गर्दछन्। अन्तरदेशीय भुक्तानी कारोबारका मुख्य दुई पाटाहरू रहेका छन्। पहिलो विदेशमा जारी भएका भुक्तानी उपकरणहरूको प्रयोग गरी नेपालमा भुक्तानी स्वीकार गर्ने (Acquiring) र दोस्रो नेपालमा जारी भएका भुक्तानी उपकरणको प्रयोग गरी विदेशमा रकम भुक्तानी गर्ने (Issuing)। अन्तरदेशीय भुक्तानी कारोबारमा मुख्य सहभागीहरू बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाहरू हुन्।

नेपालमा भुक्तानी प्रणालीको विकास वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापना भएसँगै सुरु भएको हो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले आफ्नो उद्देश्यमार्फत सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने जिम्मेवारी केन्द्रीय बैंकलाई दिएको छ। उक्त जिम्मेवारी पूरा गर्नका लागि भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाबमिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने कार्य नेपाल राष्ट्र बैंकबाट सम्पादन हुनुपर्ने उल्लेख छ।

रियल टाइम ग्रस सेटलमेन्ट (आरटीजीएस) सञ्चालनमा ल्याउने तथा नेसनल पेमेन्ट स्विच/गेटवे जस्ता आधुनिक भुक्तानी उपकरणको प्रयोग गरी भुक्तानी प्रणालीलाई सुरक्षित तथा सक्षम बनाउने उद्देश्यले वि.सं. २०७२ मा 'भुक्तानी प्रणाली विभाग' को स्थापना भएको हो। विभागको स्थापना भएपश्चात् भुक्तानी प्रणालीको प्रवर्द्धन र विस्तारमा संस्थागत विकासको क्रम सुरु भएको देखिन्छ। नेपालमा सर्वप्रथम सन् १९९३ सालमा नबिल बैंक लिमिटेडले क्रेडिट कार्ड जारी गरेपश्चात् नेपालको भुक्तानी प्रणाली नयाँ चरणमा प्रवेश गरेको देखिन्छ। विभिन्न देशबीच हुने व्यक्तिगत तथा व्यावसायिक कारोबारको भुक्तानीका लागि टीटी, ड्राफ्ट, चेक हुँदै पछिल्लो समय विद्युतीय कार्ड र क्यूआर कोडको समेत प्रयोग भइरहेको छ।

## विदेशमा जारी भुक्तानी उपकरणमार्फत नेपाल भएका अन्तरदेशीय भुक्तानी कारोबारको स्थिति

अन्तरदेशीय भुक्तानी कारोबारमा प्रयोग हुने उपकरणहरू जारी गर्ने, कारोबार सञ्चालन गर्ने, कारोबारको समाशोधन र हिसाबमिलान गर्ने, तथ्याङ्क व्यवस्थापन गर्ने, विदेशी मुद्राको आगमन र निर्गमनको व्यवस्थापन गर्ने, लगानी गर्ने लगायतका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि देहायका कानुनी तथा नीतिगत व्यवस्था गरिएको छ।

- भुक्तानी तथा फर्स्यौट ऐन, २०७५
- भुक्तानी तथा फर्स्यौट विनियमावली, २०७८
- अनुमति नीति, २०७९
- भुक्तानी प्रणाली निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७८
- NepalQR Standardization Framework and Guidelines, 2021
- अनुमतिपत्र प्राप्त संस्थाका लागि सालबसाली रूपमा जारी हुने एकीकृत निर्देशन, २०८० (अन्तरदेशीय भुक्तानी कारोबारसँग सम्बन्धित परिपत्रसहित)
- विदेशी विनिमय व्यवस्थापन विभागबाट सालवसाली रूपमा जारी हुने परिपत्रहरूको संग्रह, २०८० (अन्तरदेशीय भुक्तानी कारोबारसँग सम्बन्धित परिपत्रसहित)

पछिल्लो समय विश्वभर नै अन्तरदेशीय भुक्तानी कारोबारमा क्यूआर कोडको प्रयोग व्यापक रुपमा विस्तार भएको देखिन्छ। नेपालमा समेत केही बैंक तथा वित्तीय संस्था र भुक्तानी प्रणाली सञ्चालकहरूलाई 'वी च्याट पे', 'अलि पे', 'यूपीआई अफ एनपीसीआई' जस्ता विदेशी संस्थाले जारी गरेका भुक्तानी उपकरणको प्रयोग गरी क्यूआर कोडमार्फत नेपालमा भुक्तानी स्वीकार गर्न (Acquiring) का लागि स्वीकृति प्रदान गरिसकिएको छ। साथै, यससम्बन्धी धेरै परियोजना कार्यान्वयनमा समेत आइसकेका छन्। सम्बन्धित बैंक तथा वित्तीय संस्था र भुक्तानी प्रणाली सञ्चालकबाट प्राप्त तथ्याङ्कअनुसार क्यूआर कोडमार्फत नेपालमा स्वीकार गरिएको अन्तरदेशीय भुक्तानी कारोबारको अवस्था देहायबमोजिम रहेको छ:

| भुक्तानी उपकरणको नाम | अवधि | कारोबारको रकम रु. | कारोबार गर्ने मर्चेन्टको संख्या |
|---|---|---|---|
| वी च्याट पे | आ.व. २०७९/८०<br>आ.व. २०८०/८१ | ४९,४८,२१०.१९<br>५,२१,९८,१८४.४५ | १,६२७ |
| अलि पे | सन् २०२२<br>सन् २०२३<br>सन् २०२४(छ महिना) | १८,६४,२९२.३३<br>४,०३,२८,३०७.३९<br>५,१४,२९,७७७.९९ | २४,०४८ |
| यूपीआई अफ एनपीसीआई | सन् २०२४ (फेब्रुअरीदेखि जुलाई ४ सम्म) | २८,६४,७८,१३ | २२,६०८ |

## नेपालमा जारी भएका भुक्तानी उपकरणको प्रयोग गरी क्यूआर कोडमार्फत विदेशमा रकम भुक्तानी गर्नका लागि भएको व्यवस्था र नेसनल पेमेन्ट स्विच



स्वदेशमा तथा विदेशमा जारी भएका भुक्तानी उपकरणमार्फत भएका कारोबारलाई एकीकृत रूपमा हिँडाउनका लागि नियामक निकाय वा त्यस्ता निकायले तोकेको संस्थाले निर्माण गरी सञ्चालनमा ल्याएको 'डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर' लाई 'नेसनल पेमेन्ट स्विच' भनिन्छ ।

नेपालको परिप्रेक्ष्यमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा २१ मा प्रत्येक संस्था र त्यस्तो संस्थाले जारी गरेका भुक्तानी उपकरण बैंकले निर्धारण गरेको प्रक्रियाबमोजिम स्विचमा आबद्ध हुनुपर्ने कानुनी व्यवस्था छ । यस बैंकबाट राष्ट्रिय भुक्तानी स्विचको स्थापना र सञ्चालनको कार्य अघि बढाउन नेपाल क्लियरिङ हाउस लिमिटेडलाई जिम्मेवारी दिइएको छ । उक्त स्विचमा मुख्य रूपमा देहायका तीन अङ्गहरू रहने र तिनको कार्यान्वयन स्थिति देहायबमोजिम रहेको छ:

| Phases | Name of the Phase | Status/Live |
|---|---|---|
| Phase I | Interoperable Retail Payments (RPS) | November 2021 |
| Phase II | Interoperable Card Switch(NPS-NCS) | Not Yet |
| Phase III | Cross Border Payments | Not Yet |

*स्रोत: नेपाल क्लियरिङ हाउस लिमिटेड*

स्विचका मुख्य तीन वटा चरणमध्ये पहिलो स्तम्भको रूपमा रहेको रिटेल पेमेन्ट सिस्टम सन् २०२१ देखि पूर्ण रूपमा कार्यान्वयनमा आइसकेको छ । यसमा अधिकांश बैंक तथा वित्तीय संस्था आबद्ध छन भने यो स्विचको माध्यमबाट वालेट/बैंक खातामा रकम स्थानान्तरण, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, रिक्वेस्ट टु पे, क्यूआर र एपीआईमा आधारित सेवाहरू सञ्चालन भइरहेका छन् । स्विचको दोस्रो स्तम्भको रूपमा रहेको एनपीएस-एनसीएस प्रणालीअन्तर्गत अन्तरआबद्धतामा आधारित कार्ड स्विच एवम् नेपालको आफ्नै कार्ड (नेपाल पे कार्ड) को सञ्चालन र तेस्रो स्तम्भको रूपमा अन्तरदेशीय भुक्तानी कारोबारको स्विच रहेको छ, जसबाट भुक्तानीका उपकरणको प्रयोग गरी गरिने अन्तरदेशीय कारोबारको स्विचिङ पर्दछ । दोस्रो र तेस्रो स्तम्भको सञ्चालन अन्तिम चरणमा रहेको छ ।

विदेशी विनिमय व्यवस्थापन विभागबाट मिति २०८१/०३/१३ मा जारी भएको परिपत्रमा परिवर्त्य विदेशी मुद्रा र भारतीय रुपैयाँको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आबद्ध क्यूआर कोडलगायतका विद्युतीय माध्यम (कार्ड बाहेक) मार्फत विदेशमा (भारतीय मुद्राको हकमा भारत र भुटानमा) भुक्तानी (Merchant Payments) हुनेगरी समेत उपलब्ध गराउन सकिने, यसरी सटही सुविधा उपलब्ध गराउँदा नेसनल पेमेन्ट स्विच पूर्ण रूपमा सञ्चालनमा नआएसम्म सोअन्तर्गतको रिटेल पेमेन्ट स्विचको माध्यमबाट प्रदान गर्नुपर्ने, यस्तो सटही सुविधाको सीमा प्रतिदिन भा.रु.१५ हजार र प्रतिमहिना भा.रु.एक लाख रहेको, उपर्युक्त परिपत्र जारी हुनुपूर्व भारतीय रुपैयाँ वा परिवर्त्य मुद्राको Merchant Payments (P2M) को Acquiring/Issuing कारोबार सुचारु गरिसकेका/नगरिसकेका बैंक-वित्तीय संस्था वा भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिप्राप्त संस्थाले उल्लिखित कारोबार राष्ट्रिय भुक्तानी स्विचमार्फत परिचालन (Route) गराउने सम्बन्धमा आ-आफ्नो कार्ययोजना यस बैंकको भुक्तानी प्रणाली विभागमा पेस गर्नुपर्ने, यस्तो कार्ययोजना राष्ट्रिय भुक्तानी स्विच पूर्ण रूपमा सञ्चालनमा आएको छ महिनाभित्र पेस गर्नुपर्ने व्यवस्था गरेको छ ।

यसै गरी, सोही परिपत्रबाट क्यूआर कोडलगायतका विद्युतीय माध्यम (कार्डबाहेक) बाट विदेशी मुद्रामा हुने अन्तरदेशीय रिटेल पेमेन्टअन्तर्गतको मर्चेन्ट Merchant Payments (P2M) को Acquiring तथा Issuing कारोबारसम्बन्धी अन्य व्यवस्था र राष्ट्रिय भुक्तानी स्विचमा आबद्धतासम्बन्धी व्यवस्था यस बैंकको भुक्तानी प्रणाली विभागबाट जारी विनियमावली, निर्देशन, सूचनालगायतका व्यवस्थाबमोजिम हुने भनिएबमोजिम भुक्तानी प्रणाली विभागले भुक्तानी स्वीकार गर्ने र विदेशमा भुक्तानी गर्ने सेवा सञ्चालनका लागि पूर्वस्वीकृति लिनुपर्ने आशयसहितको नीतिगत व्यवस्था सरोकारवाला पक्षका लागि जारी गरिसकेको अवस्था छ ।

नेपालमा जारी भएको भुक्तानी उपकरण (कार्ड बाहेक) को प्रयोग गरी भारतलगायत अन्य देशमा भुक्तानी हुने कारोबारमध्ये Person to Person - P2P को हकमा नेपालमा कार्यरत भारतीय नागरिकहरूले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आबद्ध क्यूआरमार्फत भारतीय बैंक खातामा प्रतिदिन भा.रु.१५ हजार र प्रतिमहिना भा.रु. एक लाख बराबरको रकम जम्मा गर्न सक्ने र नियमानुसार प्राप्त हुने राहदानी सुविधा, औपचारिक भ्रमणमा जाने पदाधिकारीहरूलाई प्रदान हुने सटही सुविधाबापतको रकम क्यूआर कोडमार्फत विदेशमा भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ । उपर्युक्त व्यवस्थाको कार्यान्वयन गर्न भारतीय रुपैयाको हकमा Person to Person - P2P को कारोबार सञ्चालन गर्न नेपाल क्लियरिङ हाउस लिमिटेडलाई स्वीकृति प्रदान गरि सकिएको छ । तर नेपालमा जारी भएका भुक्तानी उपकरणको (कार्ड बाहेक) प्रयोग गरी विदेशमा क्यूआरमार्फत भुक्तानी गर्ने सम्बन्धी (Person to Merchants - P2M) सेवा सञ्चालनको स्वीकृति हालसम्म कसैलाई पनि प्रदान गरिएको छैन ।

अन्तरदेशीय भुक्तानी कारोबार अनिवार्य रूपमा नेसनल पेमेन्ट स्विचमार्फत हुने व्यवस्था मिलाउनका लागि सर्वप्रथम केन्द्रीय बैंकले नेसनल पेमेन्ट स्विचको प्रारूप, यसको संस्थागत र संरचनागत व्यवस्था, स्विचमा आबद्ध हुने प्रक्रिया र लाग्ने समय, प्रणालीको अन्तरआबद्धता लगायतका विषयलाई समावेश गरी सरोकारवाला पक्षको जानकारीका लागि 'मास्टर डकुमेन्ट' तयार गरी उक्त स्विचमा आबद्ध गराउँदै लैजाने व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ । ■

# जनकपुरमा सार्वजनिक खरिदसम्बन्धी अन्तरक्रिया




सम्पत्ति तथा सेवा व्यवस्थापन विभागले असार ११ गते जनकपुरमा सार्वजनिक खरिद ऐन र नेपाल राष्ट्र बैंक खरिद विनियमावलीका व्यवस्थाका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका निर्देशक राजनविक्रम थापाको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न विभाग/कार्यालयमा खरिदसम्बन्धी कामकारबाहीमा संलग्न कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक सुजन सुवालले सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा उल्लिखित व्यवस्थाबारे चर्चा गर्दै खरिद प्रक्रियाका चरण र यसमा अपनाउनुपर्ने सावधानीका सम्बन्धमा जानकारी दिनुभयो । यसै गरी, जनकपुर कार्यालयका सहायक निर्देशक ऋषिरञ्जन कर्णले सौभै खरिद र सिलबन्दी दरभाउपत्र विधिबाट हुने खरिद प्रक्रियाबारे उल्लेख गर्दै अख्तियारीको सीमालगायतका विषयमा जानकारी दिनुभयो ।

कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक माधव दंगालले सार्वजनिक खरिदका प्रक्रिया गहन र महत्त्वपूर्ण रहेको उल्लेख गर्दै खरिदसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको ज्ञान/अभिवृद्धि गर्नका लागि यस्ता कार्यक्रम नियमित सञ्चालन हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । सो अवसरमा विभागका निर्देशक थापाले समापन मन्तव्य राख्दै बैंकको खरिद प्रक्रियामा संलग्न कर्मचारीले सोसम्बन्धी ऐन, नियमावली र अन्य नीतिगत व्यवस्थाको पालना गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

सो अवसरमा विभागका उप-निर्देशक रमेशकुमार न्यौपानेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक अर्जुनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुरमा शङ्कास्पद नोट पहिचान र बैंकिङ कारोबारसम्बन्धी अनुशिक्षण



जनकपुर कार्यालयले असार ७ गते ‘शङ्कास्पद विदेशी मुद्रा पहिचान, बैंकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचान’सम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

निर्देशक माधव दंगालको संयोजकत्वमा आयोजित कार्यक्रममा जनकपुर कार्यालयका कर्मचारीसँगै, बैंक तथा वित्तीय संस्था, नेपाल प्रहरीका प्रतिनिधिसहित ५२ जनाको सहभागिता थियो । सो अवसरमा बैंकिङ विभागका उप-निर्देशक यज्ञबहादुर कटुवालले विदेशी मुद्रा कारोबारको अवस्था, शङ्कास्पद विदेशी मुद्रा पहिचान, विदेशी मुद्रा कारोबारसम्बन्धी कानुनी व्यवस्था, विदेशी मुद्राको संरचनालगायतका विषयबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक पुष्पराज शर्मा विनाडीले नेपाली नोटको विशेषता, शङ्कास्पद नोटको पहिचान, नोटका सुरक्षण विशेषता, नोटको उचित व्यवस्थापन र सफा नोट नीतिबारे जानकारी दिनुभयो । जनकपुर कार्यालयका सहायक निर्देशक मौसमी मल्लले बैंकिङ कारोबार सञ्चालन, नगद कारोबारमा ध्यान दिइनुपर्ने विषयबारे कार्यपत्र प्रस्तुत गर्दै कार्यालयको बैंकिङ कारोबारका सहज र जटिलताबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा निर्देशक दंगालले विदेशी मुद्राको प्रवाहले आर्थिक क्षेत्रमा पार्ने प्रभावबारे चर्चा गर्दै विदेशी र नेपाली मुद्राको कारोबारमा सजगता अपनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । सो अवसरमा जनकपुर कार्यालयका उप-निर्देशक रामेश्वर पोखरेलले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक सियाराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# धनगढी, विराटनगर र जनकपुरमा समसायिक विषयमा अन्तरक्रिया

धनगढी कार्यालयले असार ७ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो। कार्यालयका निर्देशक सुवास आचार्यको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रादेशिक प्रमुख र शाखा प्रमुखहरूको सहभागिता थियो।





कार्यक्रममा कार्यालयका सहायक निर्देशक ध्रुव कार्कीले सुदूरपश्चिम प्रदेशको आर्थिक परिसूचक, वित्तीय सेवा, भुक्तानी प्रणालीमा पहुँच र अन्य समसामयिक विषयमा वार्ता प्रस्तुत गर्नुभयो। कार्यक्रममा सहभागीले प्रदेशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिका विविध पक्षबारे आफ्ना धारणा र जिज्ञासा राखेका थिए।

सो अवसरमा निर्देशक आचार्यले सहभागीका जिज्ञासाको जवाफ दिँदै उत्पादनमूलक क्षेत्र, साना तथा मझौला उद्योगमा लगानी विस्तार गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो। कार्यक्रममा उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्नुभयो भने प्रधान सहायक पार्वती भट्ट पन्तले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

विराटनगर कार्यालयले असार ८ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो। कोशी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख, सो प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत, प्राध्यापक, उद्योग सङ्गठन, उद्योग परिसंघ र उद्योग वाणिज्य संघ, मोरङका प्रतिनिधिलगायतका सहभागितामा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो।

सो अवसरमा कार्यालयका उप-निर्देशक अच्यूतकुमार थापाले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै वर्तमान वित्तीय परिसूचकबारे जानकारी दिनुभयो। कार्यक्रममा सहभागीका तर्फबाट आगामी आर्थिक वर्षको मौद्रिक नीतिका निम्ति विभिन्न सुझाव प्रस्तुत गरिएको थियो।

सो अवसरमा कार्यालयका निर्देशक बुद्धराज शर्माले यस्ता कार्यक्रमबाट प्राप्त हुने राय/सुझावबाट आगामी मौद्रिक नीति तर्जुमामा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यालयका प्रधान सहायक अशोक रेग्मीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, जनकपुर कार्यालयले असार ११ गते समसामियिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना ग¥यो। कार्यालयका निर्देशक माधव दंगालको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक र प्रतिनिधिको सहभागिता थियो।

कार्यक्रममा वित्तीय क्षेत्रमा देखिएका कर्जा असुली, कर्जा विस्तार, ग्राहकका गुनासो, नोट सर्टिङलगायतका विषयसँगै बैंक तथा वित्तीय संस्थाको कार्यसम्पादनका सिलसिलामा देखिएका समसामयिक समस्या र समाधानका उपायबारे छलफल भएको थियो।

सो अवसरमा कार्यालयका उप-निर्देशकहरू रामेश्वर पोखरेल, अम्बिका नेपाल र सृजना बज्राचार्यले आ-आफ्ना इकाइसँग सम्बन्धित विषयमा धारणा राख्नुभयो। कार्यालयका निर्देशक दंगालले कार्यक्रममा उठाइएका विषयवस्तुबारे थप स्पष्ट पार्दै सहभागीका जिज्ञासाको जवाफ दिनुभयो। सहायक धिरजकुमार साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■



# विभिन्न विभाग-कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



विभिन्न विभाग/कार्यालयमा असार महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएका छन् । यसै क्रममा धनगढी कार्यालयले असार २ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक सुधा दुलाल आचार्यले 'The IMF-Extended Credit Facility to Nepal' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले अन्तर्राष्ट्रिय मुद्रा कोषको परिचय, उद्देश्य, भूमिका, कोष र नेपालबीचको सम्बन्ध, कोषले प्रदान गर्दै आएको विस्तारित ऋण सुविधालगायतका विषयमा जानकारी दिनुभयो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयमा असार २ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो । सो अवसरमा कार्यालयका प्रधान सहायक केशव श्रेष्ठले 'सरकारी कारोबार निर्देशिका-२०७६', सरकारी खाता सञ्चालन तथा व्यवस्थापन, खाता व्यवस्थापनमा देखिएका समस्या र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने सहायक सन्दीप रसाईलीले विदेशी विनिमय कारोबार गर्ने मनिचेञ्जर, होटेल, ट्राभल एजेन्सीलगायतको निरीक्षण, इजाजतपत्र जारी, नवीकरण, खारेजी प्रक्रियालगायतका विषयमा जानकारी दिनुभएको थियो ।

गभर्नरको कार्यालयले असार महिनामा दुई वटा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । असार १७ गते भर्चुअल माध्यमबाट आयोजित कार्यक्रममा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका उप-निर्देशक खगेश्वर भण्डारीले 'Business Continuity Plan in NRB' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले व्यवसाय निरन्तरता योजनाको अवधारणा, उद्देश्य, नेपाल राष्ट्र बैंकमा यसको अभ्यास, योजना कार्यान्वयनको विद्यमान स्थिति र आगामी चुनौती तथा कार्यदिशाबारे जानकारी दिनुभयो ।

कार्यालयद्वारा असार २५ गते आयोजित कार्यक्रममा वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाका प्रमुख किरण पण्डितले 'वित्तीय समावेशीकरणमा नेपाल राष्ट्र बैंकको पहल' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले वित्तीय समावेशीकरणको अवधारणात्मक पक्ष, नेपालमा वित्तीय समावेशीकरणको स्थिति, यसको प्रवर्द्धनमा राष्ट्र बैंकबाट भएका नीतिगत प्रयाससँगै हालै सार्वजनिक गरिएको वित्तीय समावेशीकरण नीतिका प्रमुख व्यवस्था र वित्तीय समावेशीकरण रणनीतिको मस्यौदाका मुख्य विषयवस्तुबारे चर्चा गर्नुभएको थियो ।

जनकपुर कार्यालयले असार २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कार्यालयका सहायक उमङ्ग कटुवालले 'Organizational Behavior, Etiquettes and Personality Traits' विषयमा प्रस्तुति दिनुभयो । सो अवसरमा उहाँले सङ्गठनात्मक व्यवहार, शिष्टाचार, व्यक्तित्वको परिचय, सङ्गठनात्मक संरचनाको विश्लेषण, कर्मचारीको आचरण, नेतृत्व विकासलगायतका विषयमा चर्चा गर्नुभयो । ■





## Major Financial Indicators

as on Jeth End, 2081 (Mid-June, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 97.12 | 10.42 | 2.21 | 109.74 |
| 2 | Total Credit/GDP | 79.58 | 8.72 | 1.73 | 90.03 |
| 3 | Total Credit/ Total Deposit** | 81.94 | 83.73 | 78.45 | 82.04 |
| 4 | CD Ratio* | 79.64 | 82.86 | 77.35 | 79.90 |
| 5 | Fixed Deposit/Total Deposit | 57.24 | 64.56 | 71.86 | 58.23 |
| 6 | Saving Deposit/Total Deposit | 29.39 | 27.22 | 18.60 | 28.97 |
| 7 | Current Deposit/Total Deposit | 5.73 | 1.54 | 1.07 | 5.24 |
| 8 | Call Deposit/Total Deposit | 6.89 | 6.63 | 7.54 | 6.88 |
| 9 | NPL/ Total Loan^ | 3.89 | 3.63 | 10.40 | 3.98 |
| 10 | Total LLP /Total Loan | 4.47 | 3.94 | 9.18 | 4.51 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 6.12 | 8.63 | 7.11 | 6.38 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.26 | 5.87 | 7.49 | 7.13 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 18.53 | 16.09 | 17.96 | 18.28 |
| 3 | Total Liquid Assets/Total Deposit | 26.71 | 24.23 | 32.21 | 26.58 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.74 | 10.20 | 12.69 | 9.83 |
| 2 | Total Capital/RWA | 12.55 | 12.88 | 14.70 | 12.61 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,030 | 1,134 | 288 | 6,452 |
| 3 | No. of Deposit Accounts | 47,512,704 | 7,084,449 | 878,765 | 55,475,918 |
| 4 | No.of Loan Accounts | 1,571,038 | 286,967 | 43,046 | 1,901,051 |
| 5 | No. of Branchless Banking Centers | 1,131 | 17 | - | 1,148 |
| 6 | No. of Branchless Banking Customers | 300,009 | 1,629 | - | 301,638 |
| 7 | No. of Mobile Banking Customers | 20,923,482 | 3,215,760 | 224,534 | 24,363,776 |
| 8 | No. of Internet Banking Customers | 1,361,044 | 569,122 | 15,570 | 1,945,736 |
| 9 | No. of ATMs | 4,790 | 348 | 44 | 5,182 |
| 10 | No. of Debit Cards | 11,777,239 | 1,089,575 | 61,036 | 12,927,850 |
| 11 | No. of Credit Cards | 285,689 | 1,833 | - | 287,522 |
| 12 | No. of Prepaid Cards | 172,117 | 1,847 | - | 173,964 |

| | | |
|---|---|---|
| **E. Interest Rate(%)** | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **6.06** |
| | (a) Saving | 3.77 |
| | (b) Fixed | 8.38 |
| | (c) Call | 1.66 |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **10.15** |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न





बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ असार महिनामा दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ। यस क्रममा केन्द्रले भक्तपुरको बोडेमा असार ३ देखि ४ गतेसम्म 'Protocol Management' विषयक अधिकृत/सहायक स्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो। तालिममा विभिन्न विभाग/कार्यालयका ३४ जना कर्मचारीको सहभागिता थियो। पाँच वटा सत्रमा सञ्चालित उक्त तालिममा शिष्टाचार व्यवस्थापनको अवधारणा, आतिथ्य सत्कार, समारोह व्यवस्थापन, लियाजन अफिसरमा हुनुपर्ने ज्ञान, सीपलगायतका विषयमा बाह्य विज्ञमार्फत प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले जेठ ९ देखि १२ गतेसम्म 'Organization Behavior' विषयक सहायक स्तरीय तालिम सञ्चालन गऱ्यो। कार्यक्रममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो। १२ वटा सत्रमा सञ्चालित सो तालिम कार्यक्रममा सङ्ठनात्मक व्यवहार, व्यक्तित्व र मूल्य मान्यता, कार्यस्थल सम्बन्धका विविध आयाम, भावनात्मक बुद्धिमत्ता, स्व:उत्प्रेरणा, सामाजिक शिष्टाचार, निर्णय प्रक्रिया, तनाव व्यवस्थापन, नेतृत्व विकासलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■

## अवकाश

मौद्रिक व्यवस्थापन विभागका उप-निर्देशक पञ्चलक्ष्मी मानन्धरले असार ५ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी, टक्सार महाशाखाका सहायक महेन्द्रलाल सिंह र मानव संशाधन व्यवस्थापन विभागका कार्यालय सहयोगी तृतीय शैलु जोशीले क्रमश: असार १० र १७ देखि अवकाश पाउनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०/३६२
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल